नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- २०७६/७७
चलानी नम्बरः- १२४

मितिः- २०७६।०४।३०

श्री स्थानीय पूर्वाधार विभाग, पूल्चोक ।
श्री राष्ट्रिय किताबखाना, (निजामती), हरिहरभवन, पूल्चोक ।
श्री निजामति कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौ ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै)
स्थानीय तह (सबै)

**विषयः- बेरुजु फछ्र्यौट, कार्ययोजना र मार्गदर्शन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालय, अन्तर्गत निकाय एवं स्थानीय तहहरुको आ.व. २०७६।७७ को बेरुजु फछ्र्यौट कार्ययोजना र मार्गदर्शन यसैसाथ संलग्न छ । उक्त बेरुजु फछ्र्यौट, कार्ययोजना र मार्गदर्शन मिति २०७६।०४।२६ मा नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार स्वीकृत भएको हुँदा सो अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

बसन्त राज पौडेल
लेखा अधिकृत

<u>बोधार्थः-</u>
श्री सूचना तथा प्रविधि शाखा
सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- website मा राखिदिनु हुन अनुरोध छ ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- आ.प्र.२०७६/७७
चलानी नम्बरः- ९२५

मितिः- २०७६/०४/२६

श्री स्थानीय पूर्वाधार विभाग, पूल्चोक ।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, पूल्चोक ।
श्री निजामति कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौं ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल,ललितपुर ।
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल,ललितपुर ।
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)
श्री स्थानीय तह (सबै)

## विषयः- आर्थिक वर्ष २०७६/७७ को बेरुजु फछ्र्यौट कार्ययोजना ।

आर्थिक कार्यविधि ऐन,२०५५ अनुसार प्रचलित कानून बमोजिम पुर्याउनु पर्ने रीत नपुर्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्याइएको कारोबारलाई बेरुजु भनेर परिभाषित गरिएको छ । तसर्थ आर्थिक कारोबार गर्दा विधि संमत तवरबाट खर्च हुनु अनिवार्य आवश्यकता हुन्छ ।

बेरुजु बढ्दै जानु संगठनात्मक प्रभावकारिताका दृष्टिले र आर्थिक अनुशासनका दृष्टिले पनि उपयुक्त अवस्था होइन । बेरुजु बढ्दा सार्वजनिक श्रोत परिचालनमा दक्षताको कमिका साथै विधिको पालना नहुने अवस्था समेत रहन्छ । प्रस्तुत परिप्रेक्ष्यमा समितिले बेरुजु न्यूनिकरणको साथै बेरुजु फछ्र्यौटमा तीव्रता ल्याउने प्रयास गरिरहेको छ । बेरुजु फछ्र्यौटको कार्यलाई सार्थक र परिणामुलक बनाउन आ.व. २०७६/७७ को निमित्त बेरुजु फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गर्नुका अतिरिक्त कुल लेखापरीक्षण रकमको निश्चित प्रतिशत भन्दा बढी बेरुजु हुन नहुने गरी लक्ष्य निर्धारण गरेको छ । तदनुरुप बेरुजु फछ्र्यौटको प्रगति हासिल हुन सके/ नसकेको अनुगमन समेत गर्ने उद्देश्यले प्रत्येक निकायका लागि देहायका लक्ष्यहरु निर्धारण गरिएका छन् ।

**१. आ.व. २०७६/७७ मा बेरुजु फछ्र्यौट गर्ने र बेरुजु न्यून राख्नु पर्ने लक्ष्यः**

क. बेरुजु फछ्र्यौट गर्ने र बेरुजु कम कायम गराउने प्रयोजनको लागि मन्त्रालयलाई निम्नानुसार (क), (ख) र (ग) गरी तीन वर्गमा विभाजन गरिएको छ ।

- उपरोक्त अन्तर्गत विभाग, आयोजना, कार्यालय भई पाँच अर्व भन्दा बढी बेरुजु कायम भएका मन्त्रालय, निकायहरु जस्ले आफ्नो कार्यालयको बाहेक अन्तर्गतका समेतको लेखा, लेखापरीक्षण, बेरुजु आदिको जवाफदेही हुनुपर्छ, त्यस्तालाई (क) वर्ग भनिएको छ । यस्ता मन्त्रालयहरुले आफ्नो नाममा कायम भएको बेरुजुको न्यूनतम ४५ प्रतिशत फछ्र्यौट गर्नुपर्ने ।
- उपरोक्त अन्तर्गत विभाग, आयोजना, कार्यालय भई पाँच अर्व भन्दा कम बेरुजु कायम भएका मन्त्रालय, निकायहरु जस्ले आफ्नो कार्यालयको बाहेक अन्तर्गतका समेतको लेखा, लेखापरीक्षण, बेरुजु आदिको

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- आ.प्र.२०७६/७७
चलानी नम्बरः-

जवाफदेही हुनुपर्छ,त्यस्तालाई (ख) वर्ग भनिकएको छ । यस्ता मन्त्रालयहरुले आफ्नो नाममा कायम भएको बेरुजुको न्यूनतम ५० प्रतिशत फछ्यौंट गर्नुपर्ने ।

- केन्द्रमा एक कार्यालय मात्र भएको (अन्तर्गत कुनै कार्यालय नभएको) मन्त्रालय निकायहरु जस्ले आफ्नो कार्यालयको मात्र लेखा राख्छ, लेखापरीक्षण गराउँछ, बेरुजु फछ्यौंट गर्छ, त्यस्तोलाई (ग) वर्ग भनिएको छ । यस्ता मन्त्रालयहरुले आफ्नो नाममा कायम भएको बेरुजुको न्यूनतम ६० प्रतिशत फछ्यौंट गर्नुपर्ने ।

ख. मन्त्रालय तथा कार्यालयहरुले शतप्रतिशत नै बेरुजु फछ्यौंट गरी लेखापरीक्षणबाट बेरुजु शुन्य कायम गराउनु पर्ने हो । तर पुराना बेरुजु पनि भएका र सवुद प्रमाणहरु जुटाउन केहि कठिनाई हुने भएकोले क्रमशः बेरुजु शुन्य बनाई लैजाने गरी लक्ष्य निर्धारण गर्ने गरिएको छ ।

**२. बेरुजु फछ्यौंटको लागि देहाय अनुसार छुट्टा छुट्टै (निति) लक्ष्य निर्धारण गरिएको छः**

क. शुरुदेखि आ.व. २०५९/६० सम्मको पुरानो बेरुजुको लगत मिति २०६९/०६/११ को मन्त्रिपरिषदको निर्णयले कुमारी चोक तथा केन्द्रीय तहशिल कार्यालयमा भएकोले सो कार्यालयबाट फछ्यौंटको जानकारी प्राप्त भएपछि फछ्यौंट रकम प्रगतिमा समावेश गरिनेछ । सो बेरुजु फछ्यौंट गर्दा निम्न कुरामा ध्यान पुर्याउनु पर्नेछः

- असुल उपर गर्नुपर्ने, सरकारी हानी नोक्सानी र मस्यौट भएकोलाई आवश्यक कारबाही गरी अन्तिम टुङ्गो लगाई फछ्यौंट गर्ने गराउने ।
- सरकारी हानी नोक्सानी र मस्यौट भएको बाहेक अन्य विषयमा प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रालयका सचिव वा अधिकार प्राप्त अधिकारीबाट बेरुजु फछ्यौंट गराई लगत कट्टाको लागि कुमारी चोक तथा केन्द्रीय तहशिल कार्यालयमा पठाउने ।
- चालु आर्थिक वर्ष भित्र आ.व. २०५९/६० सम्मको बेरुजु शुन्य बनाउनै पर्ने ।

**३. मिनाहा सम्वन्धि व्यवस्थाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०६ अनुसार रु.३ लाख सम्मको बेरुजु सम्बन्धित मन्त्रालयको सचिवले मिनाहा गर्न सक्ने र सो भन्दा माथिको रकम मिनाहाको लागि मिनाहा समितिको सिफारिशको निमित्त कुमारी चोक तथा केन्द्रीय तहशिल कार्यालयमा आवश्यक प्रमाण, कागजात र मन्त्रालयको निर्णय सहित पेश गर्नुपर्ने छ ।

देहाय बमोजिमको बेरुजु पनि आवश्यक प्रमाण कागजात र स्पष्ट कारण सहित मन्त्रालयको निर्णयसाथ मिनाहा समितिको सिफारिशको निमित्त पेश गर्ने ।

- समय समयमा निश्चित कार्य र अवधिको लागि गठन भएको तर हाल अस्तित्वमा नरहेको आयोग/समिति तर्फको प्रयास गर्दा पनि प्रमाण जुटाउने नसक्ने प्रकारका बेरुजुहरु
- विस्फोट, आगजनी त्यस्तै काण्डमा परी लेखा पेश हुन नसकेको बेरुजुहरु
- लेखा वा श्रेस्ता पेश हुन नसकेको ज्यादै पुरानो बेरुजु सम्बन्धमा पनि हाल पेश गर्न नसकिने भएमा सोको यथेष्ट कारण खोली सिफारिश भई आएका बेरुजुहरु

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:- आ.प्र.२०७६/७७
चलानी नम्बर:-

४. **बेरुजु फछ्यौंटको लक्ष्य प्राप्तिका लागि निम्नानुसारका उपाय अवलम्बन गर्ने:**

१. आ.व. २०६०/६१ देखि २०७३/७४ सम्मको ८० प्रतिशत भन्दा माथि फछ्यौंट गर्ने प्रयास गर्ने ।

२. आ.व. २०७४/७५ को श्रेस्ता लेखापरीक्षणबाट कायम भएको नयाँ बेरुजु फछ्यौंट गर्ने सबुद, प्रमाण र काम गर्ने कर्मचारी सबै उपलब्ध हुने हुनाले शुन्य बनाउनै पर्ने लक्ष्य तोकिएको छ । यस तर्फ सबै निकायले विशेष ध्यान दिनु जरुरी छ ।

३. वैदेशिक सहयोग अन्तर्गत सञ्चालित सोधभर्ना प्राप्त हुनुपर्ने योजना सञ्चालन भै बन्द भैसकेको योजना र निकट भविष्यमा बन्द हुने योजनाहरुको सोधभर्ना हुनुपर्ने हिसाव र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्ने रकमको हिसाव शिघ्र मिलाउने व्यवस्था गर्ने ।

४. गत वर्ष झै यस वर्ष पनि लेखापरीक्षण गराउन र बेरुजु फछ्यौंटको कामलाई निरन्तर सुपरिवेक्षण, सहजीकरण, अभिलेख व्यवस्थापन गरी यस सम्बन्धी सबै काम गर्न मन्त्रालयमा कम्तिमा सह - सचिव स्तरको कर्मचारीको अध्यक्षतामा, अन्तर्गतका विभाग तथा समितिहरुको प्रतिनिधि समेत रहने गरी एक लेखापरीक्षण सहयोग समिति गठन गर्ने वा भै रहेको समितिलाई सुचारु गरी वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने र मासिक रुपमा प्रगति समीक्षा गर्ने । समितिको कार्ययोजना र प्रगति समिक्षा बेरुजु फछ्यौंट मूल्याङ्कन र अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

५. लेखापरीक्षण तथा बेरुजु फछ्यौंटको लागि विभागीय स्तरमा पनि मातहत कार्यालयहरुको प्रतिनिधि समेत भएको लेखापरीक्षण सहयोग समिति बनाउने ।

६. मन्त्रालय अन्तर्गतका विभाग,समिति, प्रतिष्ठान, अस्पताल आदि तर्फको बेरुजु फछ्यौंट कार्य अन्यन्त शिथिल देखिएको र अधिकांश निकायहरुले न्यूनतम लक्ष्य भन्दा पनि निकै कम मात्र फछ्यौंट गरेको रेकर्डबाट पाइएकाले त्यस्ता निकायहरुलाई कडाईका साथ फछ्यौंट गर्न लगाई मासिक प्रगति लिने र संतोषजनक प्रगति नदेखिएमा सम्वन्धित निकायबाट निकासा रोक्का सम्म गर्नुपर्ने ।

७. मातहत निकाय तथा स्थानिय तहहरुले वेरुजु फछ्यौंट गर्ने कार्यलाई विशेष गम्भीरताका साथ अगाडि बढाउनु पर्ने भएकोले सो सग सम्वन्धित पदाधिकारीहरुको बैठक महिनामा एकपल्ट अनिवार्य रुपमा बसी बेरुजु फछ्यौंटको समीक्षा गर्ने । सो समिक्षाको एक प्रति मन्त्रालयमा समेत पठाउनु पर्ने ।

८. **पेश्की सम्बन्धमा:**

- खर्चको ठूलो रकम पेश्कीको रुपमा देखिएकोले पेश्की फछ्यौंट कार्यलाई प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाउने ।
- आ.व. २०७३/७४ र आ.व. २०७४/७५ को सरकारी कार्यालय तर्फको पेश्कि बेरुजुको वर्गीकरण गर्न सकिने तर सो भन्दा अगाडीको बेरुजुको वर्गीकरण गर्न नसकिने । आ.व. २०७३/७४ देखिको पेश्की बेरुजुको विवरणमा मोविलाईजेशन पेश्की, प्रतितपत्र पेश्की, कर्मचारी पेश्की र अन्य पेश्कि खुलाई अभिलेख राखे ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः- आ.प्र.२०७६/७७
चलानी नम्बरः-

९. मातहत निकाय तथा स्थानीय तहहरुले प्रत्येक महिनामा बेरुजु फछर्यौटको प्रगति प्रतिवेदन मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउने ।

५. आ.व. २०७५/७६ को श्रेस्ता लेखापरीक्षणबाट बेरुजु शुन्य / न्यून राख्नुपर्नेः

१. (क) वर्गका मन्त्रालय/ निकायहरुले चालु वर्ष लेखापरीक्षण भएको अंकको शुन्य बेरुजु कायम गर्ने गराउने । सो हुन नसकेमा ४ प्रतिशत भन्दा बढी कायम हुन नहुने ।

२. (ख) वर्गका मन्त्रालय/ निकायहरुले चालु वर्ष लेखापरीक्षण भएको अंकको शुन्य बेरुजु कायम गर्ने गराउने । सो हुन नसकेमा ३ प्रतिशत भन्दा बढी कायम हुन नहुने र

३. (ग) वर्गका मन्त्रालय/ निकायहरुले चालु वर्ष लेखापरीक्षण भएको अंकको शुन्य बेरुजु कायम गर्ने गराउनु पर्नेछ । सो हुन नसकिएमा १ प्रतिशत भन्दा बढी कायम हुन नहुने ।

४. लेखापरीक्षणबाट बेरुजु कायम भई फछर्यौट, सम्परीक्षण गराउनु भन्दा बेरुजु नै कायम नहुने गरी आर्थिक कारोबार गर्ने गराउने तर्फ सबैले विशेष ध्यान दिने ।

५. खर्चमा मितव्ययिता अपनाई आर्थिक अनुशासन कायम गर्न सबै विभाग तथा कार्यालयहरुले आन्तरिक नियन्त्रण कार्य निर्देशिका बनाई ३ महिना भित्र लागु गर्ने र सो निर्देशिकाको एक प्रति यस मन्त्रालयमा समेत उपलब्ध गराउने ।

६. चालु वर्षको लेखापरीक्षणबाट उपरोक्त बमोजिम शुन्य वा कम बेरुजु कायम गराउने र तल उल्लेख भए अनुसार बेरुजु पनि फछर्यौट गर्ने मन्त्रालय, निकायहरुलाई मात्र धन्यवाद सहित नगद पुरस्कार प्रदान गरिनेछ ।

क. अन्तर्गत विभाग तथा कार्यालयहरु भएका (क) वर्गका मन्त्रालय तथा निकायहरुः

- ८० प्रतिशत देखि माथि १०० प्रतिशत सम्म - सर्वोत्कृष्ट
- ५० प्रतिशत देखि माथि ८० प्रतिशत सम्म - उत्कृष्ट
- ४५ प्रतिशत देखि माथि ५० प्रतिशत सम्म - सामान्य
- ४५ प्रतिशत भन्दा कम - न्यून

ख. अन्तर्गत विभाग तथा कार्यालयहरु भएका (ख) बर्गका मन्त्रालय तथा निकायहरु :

- ८५ प्रतिशत देखि माथि १०० प्रतिशतसम्म - सर्वोत्कृष्ट
- ५५ प्रतिशत देखि माथि ८५ प्रतिशतसम्म - उत्कृष्ट
- ५० प्रतिशत देखि माथि ५५ प्रतिशत सम्म - सामान्य
- ५० प्रतिशत भन्दा कम - न्यून

ग. अन्तर्गत विभाग तथा कार्यालयहरु नभएका (ग) बर्गका मन्त्रालय तथा निकायहरुः

- ९० प्रतिशत देखि माथि १०० प्रतिशत सम्म - सर्वोत्कृष्ट
- ७० प्रतिशत देखि माथि ९० प्रतिशत सम्म - उत्कृष्ट
- ६० प्रतिशत देखि माथि ७० प्रतिशत सम्म - सामान्य
- ६० प्रतिशत भन्दा कम - न्यून

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्याः- आ.प्र.२०७६/७७
चलानी नम्बरः-

- उपरोक्त लक्ष्यमा कम नहुने गरी बेरुजुको परिणाम हेरेर विभाग/कार्यक्रम तथा आयोजनाहरु, कार्यालयहरु र स्थानीय तहहरुले आफ्नो लक्ष्य निर्धारण गर्नुपर्नेछ ।

७. उपरोक्त बमोजिम सर्वोकृष्ट हुने मन्त्रालय, सचिवालय तथा केन्द्रीय निकायका प्रशासकीय प्रमुखलाई धन्यवाद सहित रु. १५,०००/- (पन्ध्र हजार) प्रदान गरिनेछ । मन्त्रालय र अन्तर्गत विभागमा बेरुजु फछर्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई कामको योगदानको आधारमा मूल्यांकन गरी बढीमा रु. १०,०००/- (दश हजार) सम्म प्रति व्यक्ति वा दामासाहीले मन्त्रालयले निर्णय गरी प्रदान गर्न सक्नेछ ।

८. उत्कृष्ट हुने मन्त्रालय, सचिवालय तथा केन्द्रीय निकायको प्रशासकीय प्रमुखलाई धन्यवाद सहित रु. १०,०००/- (दश हजार) प्रदान गरिनेछ । मन्त्रालय र अन्तर्गत विभागमा बेरुजु फछर्यौटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरुलाई कामको योगदानको आधारमा मूल्यांकन गरी बढिमा रु. ८,०००/- (आठ हजार) सम्म प्रति व्यक्ति वा दामासाहीले मन्त्रालयले निर्णय गरी प्रदान गर्न सक्नेछ ।

९. सामान्य हुने मन्त्रालय, सचिवालय तथा निकायहरुका प्रशासकीय प्रमुखको प्रयासको सराहना गरिनेछ ।

१०. न्यून बेरुजु फछर्यौट गर्ने तथा दफा ५ बमोजिम शुन्य/न्यून बेरुजु काम नगर्ने/नगराउने, मन्त्रालय, सचिवालय तथा अन्य निकायका प्रशासकीय प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख र सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही सहित कार्य सम्पादन मूल्यांकन गर्दा बेरुजु फछर्यौट तथा शुन्य/न्यून बेरुजु कायम गराउन समेत ध्यान दिन सबै मन्त्रालयका सचिवज्यूहरुलाई बेरुजु फछर्यौट मूल्यांकन र अनुगमन समितिका अध्यक्ष एवं नेपाल सरकारका मुख्य सचिवज्यूबाट स्पष्ट निर्देशन हुने र सो समेतलाइ ध्यान दिने ।

११. उपरोक्त बमोजिमको पुरस्कार अन्तर्गत विभाग तथा कार्यालय भएका मन्त्रालयहरुमा बढीमा ५ (पाँच) जना, विभागहरुमा बढीमा ५ जना र अन्तर्गत विभाग तथा कार्यालय नभएका मन्त्रालय , निकायहरुमा बढीमा ३ (तीन) जना सम्मलाई मात्र पुरस्कृत गर्ने गराउने व्यवस्था मिलाउने ।

१२. पुरस्कृत हुनको निमित्त चालू आ.व.को लेखापरिक्षणबाट तोकिए बमोजिमको सिमा भित्र बेरुजु अंक कायम गरी लक्ष्य अनुसार बेरुजु फछर्यौट पनि गरेकै हुनु पर्दछ ।

१३. बेरुजु शुन्य गर्न/गराउन लेखापरिक्षणको समयमा विशेष ध्यान पुऱ्याउने र सो समयमा सम्बन्धित पदाधिकारीको उपस्थितिलाई अनिवार्य गराउने ।

१४. विभागहरुले पनि उपरोक्त अनुसारनै लक्ष्य पुरा गर्नुपर्दछ । केन्द्रीयस्तरका ठुला आयोजनाहरुलाई पनि उपरोक्त अनुसार नै लक्ष्य तोकिएको छ ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या:- आ.प्र.२०७६/७७
चलानी नम्बर:-

६. जिल्ला स्थित कार्यालय तथा आयोजनाहरु सम्बन्धमा:

१. लेखापरिक्षणको समयमा कार्यालय प्रमुख र लेखा प्रमुख अनिवार्य उपस्थित भई सबुद प्रमाणहरु यथा समयमै पेश गरी बेरुजु शुन्य कायम गर्न प्रयास गर्ने ।

२. महालेखापरिक्षकको कार्यालयको लेखापरिक्षण डोर समक्ष गत विगत बर्षका बेरुजुहरुको सबुद प्रमाणहरु पत्रसाथ पेश गरी लेखापरिक्षण स्थलमै शतप्रतिशत बेरुजु सम्परिक्षण गराउने ।

३. बेरुजु भनेको शत प्रतिशत नै फछ्यौंट गर्नुपर्ने हुन्छ । कथंकदाचित प्रयास गर्दा पनि फछ्यौंट भएन भने न्यूनतम ५० प्रतिशत अनिवार्य फछ्यौंट गर्नै पर्ने गरी लक्ष्य तोकिएको छ ।

४. चालू आ.व.मा लेखापरीक्षण भएको अंकको शुन्य बेरुजु कायम गर्ने/गराउने कारणबस शुन्य कायम गराउन नसकेमा निम्न प्रतिशत भन्दा बढी कायम नगराउने:

- करोड भन्दा बढी बेरुजु हुने कार्यालयको ७० प्रतिशत भन्दा बढी बेरुजु फछ्यौंट गरी चालु आ.व.मा लेखापरीक्षण भएको अंकको ४ प्रतिशत भन्दा बढी बेरुजु कायम नगराएमा मात्र बेरुजु फछ्यौंटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरु बढीमा ३ (तीन) जना सम्मलाई धन्यवाद सहित रु. ५,०००/- (पाच हजार) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढीलाइ पुरस्कृत गर्नु परेमा रु. १५,०००/- (पन्ध्र हजार) को सिमा भित्र रही दामासाहीले पनि दिन सकिनेछ ।
- करोड भन्दा कम बेरुजु हुने कार्यालयको ८० प्रतिशत भन्दा बढी बेरुजु फछ्यौंट गरी चालु आ.व.मा लेखापरिक्षण भएको अंकको ३ प्रतिशत भन्दा बढी बेरुजु कायम नगराएमा मात्र बेरुजु फछ्यौंटको काममा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरु बढीमा ३ (तीन) जना सम्मलाई धन्यवाद सहित रु. ५,०००/- (पाँच हजार) प्रति व्यक्ति नगद पुरस्कार दिने । तीन जना भन्दा बढीलाई पुरस्कृत गर्नु परेमा रु. १५,०००/- (पन्ध्र हजार) को सिमा भित्र रही दामासाहीले पनि दिन सकिनेछ ।
- लेखापरीक्षणबाट लेखापरीक्षण अंकको ४ प्रतिशत भन्दा बढी बेरुजु कायम गराउने र ५० प्रतिशत भन्दा कम बेरुजु फछ्यौंट गर्ने कार्यालय प्रमुख र लेखा प्रमुख वा सम्बन्धित कर्मचारीलाई आवश्यक कारवाही गरी कार्य सम्पादन मूल्यांकन गर्दा सो प्रगतिलाई समेत आधार बनाउने ।

५. तलव भत्ता र कार्यालय सञ्चालनको लागि मात्र रकम खर्च गरिने कार्यालयहरुको हकमा कुनै पुरस्कार दिईने छैन ।

६. राजश्व संकलन गर्ने कार्यालयहरुको हकमा राजश्वको लेखा राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्यौंटको काम गर्ने राजश्व तर्फको कर्मचारी, कार्यालय प्रमुख र लेखा प्रमुख संयुक्त रुपमा जिम्मेवार हुने व्यवस्था मिलाउने ।

७. चालू वर्ष (आ.व. २०७५/७६) को श्रेस्ता लेखापरीक्षण हुँदा बेरुजु हुन नदिने कार्य गरी शुन्य बेरुजु कायम गराउने कार्यालय प्रमुख र लेखा प्रमुखलाइ विगत बर्ष कायम भएको बेरुजुको आधारमा निम्न अनुसार थप पुरस्कार उपलब्ध गरिनेछ ।

क. विगत बर्ष सम्म रु. १ अर्ब वा सो भन्दा बढी बेरुजु रहेका तर आ.व. २०७५/७६ को श्रेस्ता लेखापरिक्षणमा शुन्य बेरुजु कायम गराउने मन्त्रालय तथा निकायका कार्यालय प्रमुख र लेखा प्रमुखलाई थप रु. ५,०००/- (पाँच हजार) पुरस्कार प्रदान गरिनेछ ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः- आ.प्र.२०७६/७७
चलानी नम्बरः-

ख. राजश्व कार्यालयको हकमा लेखा प्रमुखको सट्टा राजश्वको सम्बन्धित कर्मचारीलाई पुरस्कृत गर्ने ।

८. बेरुजु फछ्यौंटमा पुरस्कृत र कारवाही गर्नेः

क. अन्तर्गतका विभाग तथा कार्यालयहरुलाई बेरुजु फछ्यौंट सम्बन्धमा कारवाही गर्ने र पुरस्कृत गर्ने जिम्मा मन्त्रालयको हुनेछ ।

ख. बारम्बार आर्थिक अनुशासन उल्लंघन गर्ने र तोकिए बमोजिम बेरुजु फछ्यौंट नगर्ने कर्मचारीलाई आर्थिक कार्यविधि ऐन, २०५५ मा भएको व्यवस्था अनुसार कारवाही गर्ने गराउने र त्यसको जानकारी बेरुजु फछ्यौंट मूल्यांकन र अनुगमन समितिलाई पनि उपलब्ध गराउने ।

९. प्रत्येक वर्ष मन्त्रालयको हकमा बेरुजु, बेरुजु फछ्यौंट, पेश्की, असुल उपर भएको रकम आदिको वार्षिक विवरण समिक्षा गरी बेरुजु फछ्यौंट मूल्यांकन र अनुगमन समितिबाट र विभाग, कार्यक्रम तथा आयोजना र स्थानीय तहको हकमा मन्त्रालयबाट पत्र पठाईनेछ । उक्त पत्र प्राप्त भए पछि मात्र पुरस्कार प्रदान गर्नुपर्नेछ ।

१०. **आ.व. २०७५/७६ को बेरुजु फछ्यौंट कार्ययोजनाः**

बेरुजु फछ्यौंटको लागि देहाय अनुसारको लक्ष्य तोकी कार्ययोजना बनाई कार्य गर्नेः

| सि.नं. | कार्यतालिका | २०५९/६० | २०६०/६१ देखि २०७३/७४ सम्मको | २०७४/७५ को | कैफीयत |
|---|---|---|---|---|---|
| १. | २०७६ कार्तिक सम्म | २० प्रतिशत | २० प्रतिशत | २० प्रतिशत | |
| २. | २०७६ माघ सम्म | ३० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | |
| ३. | २०७७ बैशाख मसान्त सम्म | ६० प्रतिशत | ५० प्रतिशत | ६० प्रतिशत | |
| ४. | २०७७ आषाढ मसान्त सम्म | १०० प्रतिशत | ८१ प्रतिशत | १०० प्रतिशत | |

(यादव प्रसाद कोइराला)
सचिव

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं । (कार्ययोजना संलग्न छ ।)

श्री बेरुजु फछ्यौंट मूल्यांकन र अनुगमन समिति,
अर्थ मन्त्रालय भवन, सिंहदरबार, काठमाडौं (कार्ययोजना संलग्न छ)

श्री कुमारी चोक तथा केन्द्रीय तहशील कार्यालय, बबरमहल काठमाडौं (कार्ययोजना संलग्न छ)

श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : मन्त्रालयको Website मा राखिदिनु हुन ।